## आर्थिक बर्ष २०७९/८० को

# निती, बजेट तथा कार्यक्रम

र

# आय व्ययको अनुमान (बजेट बक्तव्य)

# पोखरिया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय


पोखरिया, पर्सा


मधेश प्रदेश, नेपाल

असार १० गते



CamScanner


नेपालको नक्सा
N
प्रदेश नं. १
बागमती प्रदेश
मधेश प्रदेश
गण्डकी प्रदेश
कर्णाली प्रदेश
लुम्बिनी प्रदेश
सुदूर पश्चिम प्रदेश


सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।
ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।



CamScanner

# पोखरिया नगरपालिका

## पोखरिया, पर्सा

# छैठों निती, बजेट तथा कार्यक्रम

## आ.व. २०७९/०८०

### कार्यसूची

२०७९/०३/१०

- सभा सदस्य उपस्थिति
- सभाध्यक्ष सभामा प्रवेश
- राष्ट्रियगान
- ज्ञात अज्ञात सहिद प्रति श्रद्धान्जली
- आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम नगर सभा समक्ष पेश, दफावार छलफल र निर्णयार्थ पेश।
- आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी विधेयक २०७९ नगर सभा समक्ष पेश दफावार छलफल र निर्णयार्थ पेश।
- आर्थिक वर्ष २०७९/०८० को विनियोजन विधेयक २०७९ नगर सभा समक्ष पेश दफावार छलफल र निर्णयार्थ पेश।
- नगर सभामा अनुमोदनका लागि आ.व.२०७९/०८० मा भए गरेका निर्णय तथा कार्यहरु सभामा पेश गर्ने
- अन्य विभिन्न प्रस्ताव सभामा पेश
- विविध

# नगर सभा

# बजेट बक्तव्य

यस पोखरिया नगरपालिकाको गरिमामय छैठों नगर सभाका सभाध्यक्ष महोदय, विषेश अतिथि ज्यू, उपस्थित स्थानीय तहका निर्वाचित जनप्रतिनिधि ज्यूहरु, नेकपा एमालेका केन्द्रिय नेता, लोसपा का केन्द्रिय नेता, जिल्ला अध्यक्ष, नेपाली काग्रेसका क्षेत्रीय सभापति, नेकपा एमाले, नेपाली काग्रेस, नेकपा माओवादी केन्द्र, लोसपा, जसपा, नेपाल मजदुर किसान पार्टी, नेपाल शुसासन पार्टीका नगर अध्यक्ष ज्यूहरु वा पार्टी प्रतिनिधि ज्यूहरु, निवर्तमान नगर प्रमुख, निबर्तमान नगर उप प्रमुख ज्यू, अतिथि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सुरक्षाकर्मी ज्यूहरु, पत्रकार ज्यूहरु र यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी ज्यूहरु, समाजसेवीहरु, शिक्षाप्रेमीहरु, निर्माण व्यवसायीहरु, व्यापारीहरु तथा समुदायका प्रतिष्ठित व्यक्तित्वहरुमा सर्वप्रथम म न्यानो हार्दिक अभिवादन र स्वागत गर्न चाहन्छु ।

**<u>नगर सभा अध्यक्षज्यू नगर सभामा प्रवेश र राष्ट्रिय गान</u>**

**अध्यक्षज्यूबाट नगर सभा सञ्चालन सुरु**

गरिमामय नगर सभाका सभासद ज्यूहरु सबैलाई यस छैठो नगर सभामा हार्दिक स्वगत गर्दछु ।

जन आन्दोलन २०४६ र २०६२ तथा मधेश आन्दोलन २०६२ एवम् जनयुद्धको परिणामस्वरुप स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रत्याभूति एवम् संरक्षणको लागि नेपालका तिन तहका सरकारको व्यवस्था भए अनुसार संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको आपसी सहकार्यमा समृद्ध नेपाल सुखी नेपाली कार्यक्रमहरुलाई मूर्त रुप दिन समृद्ध नगर सुखी नगरबासीको जगमा आज हामीलाई खडा गर्ने आफ्नो प्राणको आहुती दिने सम्पूर्ण नेपाली ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सहिदहरुको सम्मानमा एक मिनेट मौन धारण गर्नको लागि अनुरोध गर्दछु ।

***<u>सभामा एक मिनेट मौन धारण ।</u>***

नगर सभा सञ्चालन कार्यविधि बमोजिम मेरो अनुमतिले सदस्य सचिवबाट सभा तयारी, कार्यसूची तथा व्यस्थापन एवं आवश्यक सहयोगका लागि भएको व्यवस्था यहाँहरुमा जानकारी भईसकेको छ । सोही अनुसार सभा सञ्चालन भएको घोषण गर्दछु ।



CamScanner

**सभाध्यक्षज्यूबाट कार्यसूची अनुसार छैठों नगर सभा सञ्चालन।**

---

सभाध्यक्षज्यूबाट आर्थिक वर्ष २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम, नगर सभा समक्ष पेश गर्न अनुमति चाहन्छु।

# भाग –१

## पोखरिया नगरपालिकाको छैठों नगर सभामा पेश गरिएको नीति बजेट तथा कार्यक्रम

पोखरिया नगरपालिकाको नगर सभामा नगर प्रमुख श्री प्रदुमन प्रसाद चौहान ज्यूको तर्फबाट नगर उप-प्रमुख श्री रुवी कुमारी ठाकुरद्धारा प्रस्तुत नीति, बजेट तथा कार्यकम।

सर्वप्रथम गौरवमय छैठों नगर सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न प्राण आहुति गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु।

पर्सा जिल्लाको दोश्रो सदरमुकामको रुपमा पहिचान कायम गरेको यो नगरपालिकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन र यहाँका समस्त नागरिकको सुखी जीवनको लागि हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पने सबै नगरबासी, शुभेच्छुक र सरोकारवाला प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

वीरंगजदेखि यस नगरपालिकाको केन्द्र पोखरिया बजार जोड्ने सडक बाहेक अधिकांश सडकहरु धुलाम्मे रहेकोले पूर्वाधार विकासको अवस्था अत्यन्तै नाजुक रहेको छ। यस नगरपालिका भित्र दुई वटा मात्र माध्यमिक तहको विधालय रहेको, भएका विधालयहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको विधार्थी र शिक्षकको दरवन्दी अनुपात नमिलेको, भएको दरबन्दी समेत रिक्त रहेको कारण शिक्षा क्षेत्रको विकासमा पछाडी परेको छ। नगरपालिका कार्यालय लगायत शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवातर्फ दरवन्दी अनुसार जनशक्ति नहुनु तथा भएका जनशक्ति समेत तालिमको अभावमा सेवाप्रवाहमा अपेक्षित नतिजा आईरहेको छैन। यस नगरपालिकाका अधिकाँश बासिन्दा कृषिमा निर्भर रहेको, दलित लगायत अधिकांश नगरवासीसँग खेती योग्य जग्गाको कमीको कारण गरिवीको रेखामुनि जीवनयापन गर्न बाध्य रहेका छन्। जसले नगरपालिकाको आन्तरिक श्रोत अभिबृद्धिमा चुनौती खडा गरेको छ। लामो समय देखी नगर विकास समितिले गरेको जग्गा अधिग्रहण सम्वन्धी कार्यले सफलता प्राप्त गरेकोले अब व्यवस्थित बस्ती विकासको सपना आउने आ.व. २०७९/०८० मा जग्गाको स्वामित्व नगर विकास समिति अन्तर्गत ल्याई जग्गा एकीकरण लगायतका कामको थालनी गरिनेछ। यी बिभिन्न समस्या र चुनौतीका बाबजुद नेपाली नागरिकले बिभिन्न समयमा गरेका बलिदान स्वरुप प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान र यसको कार्यान्वयनबाट तीन तहका



CamScanner

सरकारहरु व्यवहारमा कार्यान्वयन हुदैछन । नगरपालिकाका नागरिक र जनप्रतिनिधिमा रहेको अठोटले यस नगरपालिकाको उज्वल भविष्य तर्फको संकेत गर्दछ ।

यस पोखरिया नगरपालिका भित्र पर्यटकीय सौन्दर्य बढाउनको लागि पार्क निर्माण स्थानको छनौट गरि पार्क निर्माण थालनी गरिनेछ । साथै नगरपालिका भित्र सेवाग्रहीहरुको लागि प्रतीक्षालय कक्ष निर्माण गरिनेछ ।



CamScanner

## आदरणीय नगरसभा सदस्यज्यूहरु

पर्सा जिल्लाको दोस्रो सदरमुकामको रुपमा चिनिने यस पोखरिया नगरपालिकाको विकास गरि आर्थिक, समाजिक तथा धार्मिक रुपले पर्यटकीय गन्तव्यको विकास गर्दै रोजगारी सृजना तर्फ यस नगरपालिकाको बजेट केन्द्रित हुनेछ । अगामी आर्थिक बर्षमा जिल्ला कार्यालयहरु जस्तै जिल्ला प्रशासन कार्यालय, भूमि सुधार तथा मालपोत कार्यालय, नापी कार्यालय, यतायात कार्यालय, तथा आन्तरिक राजस्व कार्यलय लगायतका शाखा कार्यालय यस नगरपालिका भित्र ल्याउन पहलको सुरुवात गरिएको छ ।

**यो नीति तथा कार्यक्रम र बजेटले लिएको उद्देश्य देहाय बमोजिम रहेका छन् ।**

- नागरिकमा नगरपालिका भएको अनुभूति दिलाउने ।
- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा आम नागरिकको सरल र सहज पहुँच अभिवृद्धि गर्ने ।
- समतामूलक समृद्ध नगर निर्माण गर्ने ।
- दिगो विकासको मर्म अनुरुप भौतिक पूर्वाधारको विकास गर्ने ।
- सामूहिक निर्णय पद्धति तथा प्रभावकारी कार्यान्वयन प्रणाली अपनाउने ।
- मुख्यत: स्वास्थ्य, शिक्षा तथा कृषि क्षेत्रको विकास गर्ने ।
- बेरोजगार व्यक्ति/युवाहरुको लागि रोजगारी सृजना गरिनेछ ।
- लैगिंक समानता, समाजिक समोवेशीकरणको अभिबृद्धि गर्ने ।
- बैदेशिक रोजगारीमा आउन सक्ने सम्भावित संकुचनलाई दृष्टिगत गरि रोजगारमुलक गतिविधि सञ्चालन गर्ने ।
- साझा संस्थाहरुलाई पुन: एकीकृत संञ्चालनमा ल्याई कृषि सामाग्रीहरु वितरण गरिनेछ ।

**यी उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्राथमिकता निर्धारण गरेको छ ।**

- शहरी पूर्वाधारको निमार्ण ।
- गाउँगाउँमा सडक संञ्जालको निर्माण ।
- स्वस्थ र दक्ष जनशक्तिको निर्माण ।
- सुरक्षित प्रसूति सेवा ।
- कृषि र पशुपालनको क्षेत्रमा सुधार ।
- सहकारीको माध्यमले उत्पादन र उत्पादत्वमा बृद्धि ।
- पर्यटन पूर्वाधारमा विकास र प्रबर्द्धन ।
- सार्वजनिक जग्गाको संरक्षण ।
- दीर्घकालीन फोहर व्यवस्थापन र बातावरण संरक्षण ।
- बजार अनुगमन र नियमन ।
- महिला र दलित सशक्तिकरण ।



CamScanner

- सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार ।
- आधुनिक र प्रविधिमैत्री नगर विकास ।
- नगर विकासका कार्यहरुलाई अगाडि बढाईनेछ ।

## श्रीमान् अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु

अब म आ.व. २०७९/०८० मा नगरपालिकाले अवलम्बन गर्ने नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

### स्वास्थ्य तर्फ

| |
|---|
| ❖ स्वास्थ्य संस्था भवनको निर्माणमा जोड दिईनेछ । |
| ❖ यस नगरपालिकाको नगरबासीहरुलाई निशुल्क रगत र पिसाव जाँच गराईनेछ । |
| ❖ सबै बालबालिकालाई पूर्ण खोपको सुनिश्चितता अगामी आ.व.को बैशाख महिनामा गरिनेछ । |
| ❖ गर्भवती जाँच निशुल्क चार पटक सम्म गराईनेछ । |
| ❖ हरेक गर्भवती महिलालाई बर्थिङ्ग सेन्टरमा सुत्केरी गराईनेछ तथा निशुल्क गर्भपत्तन सेवा प्रदान गरिनेछ । |
| ❖ स्वास्थ्य संस्थाहरुमा बर्षैभरि निशुल्क औषधीको व्यवस्था मिलाईनेछ । |
| ❖ यस पोखरिया नगरपालिकाको नगरबासीहरुलाई स्वास्थ्य सेवा सहज बनाउन आवश्यक फर्निचर तथा उपकरणहरुको व्यवस्था मिलाईनेछ । |
| ❖ सबै महिलाहरुलाई गर्भवती देखि उत्तर प्रसूतिसम्मको सेवा निशुल्क उपलब्ध गराईनेछ । |
| ❖ परिवार नियोजनको ५ वटा सेवा हरेक स्वास्थ्य संस्थाबाट निशुल्क उपलब्ध गराउन विशेष जोड दिईनेछ । |
| ❖ बालबालिका तथा गर्भवती आमाहरु तथा किशोरीहरुलाई पोषणको लागि आईरन चक्की वितरणको साथै जनचेतना अभिबृद्धि गरिनेछ । |
| ❖ निशुल्क स्वास्थ्य शिविरहरुको व्यवस्था मिलाईनेछ । |
| ❖ माहामारी नियन्त्रणको लागि विशेष बजेटको व्यवस्था मिलाईनेछ । |
| ❖ स्वास्थ्य सेवा सुदृढ गर्न समय समयमा अनुगमन तथा सुपरभिजन गर्न व्यवस्था मिलाईनेछ । |
| ❖ समुदायमा रहेका जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा दिने व्यवस्था मिलाईनेछ । |
| ❖ बलबालिकाहरुलाई दुई बर्ष भित्र ८० प्रतिशत दिमागको बिकास हुने भएकोले पोषणको विशेष व्यवस्था मिलाईनेछ । |
| ❖ समुदायमा लुकेर रहेका क्षयरोगी विरामीहरुलाई सक्रिय खोज पडताल गरि निशुल्क उपचारमा ल्याइनेछ । |
| ❖ पोखरिया अस्पतालाई थप सुधार गर्दै विशेषज्ञ चिकित्सक सहितको सेवा उपलब्ध गराउन आवश्यक साझेदारी र व्यवस्था मिलाइनेछ । आवश्यक औषधीको व्यवस्थापन सहज बनाउन आधुनिक उपकरण युक्त बनाउन आवश्यक सामग्री खरिद गर्ने व्यवस्था मिलाएको छ साथै यस नगरपालिकाको विशेष प्रयासबाट प्रदेश सरकारबाट बजेट प्राप्त भई भवन |



CamScanner

| |
|---|
| निर्माणको ठेक्का भई प्रकिया अगाडी बढेको सहर्ष जानकारी गराउदछु । |
| ❖ नगरपालिका भित्रका स्वास्थ्य चौकीले प्रदान गर्ने सेवालाई थप सुदृढ पार्न व्यवस्थापन समितिलाई थप सक्रिय बनाउदै महिनामा कम्तीमा एक पटक बैठक बसी प्रदान गर्ने नियमित सेवा, प्रसूति सेवा, खोप सेवा, गाउँघर क्लिनिक सम्बन्धी सेवाहरुमा सुधार गर्दै नागरिकको पहुचलाई अभिवृद्धि गरिनेछ । स्वास्थ्यलाई नागरिकको मौलिक हकको रुपमा व्यवहारिक रुपमै कार्यान्वयन गरिनेछ । साथै जीर्ण अवस्थामा रहेको स्वास्थ्य चौकीहरुलाई पुन: निर्माण गरिनेछ । |
| ❖ मातृ शिशु स्वास्थ्यमा सुधार ल्याउन महिला स्वास्थ्य स्वंयम सेविक़ालाई थप उर्जाका साथ परिचालन गरिनेछ । यस वापत उनीहरुलाई मासिक रु. १५०० प्रोत्साहन भत्ता प्रदान गरिने कार्यलाई निरन्तरता दिईनेछ |
| ❖ "योग गरौ निरोग रहौं" भन्ने नारालाई सकार पार्न योग शिविर कार्यकम सचालन गरिनेछ । |
| ❖ घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ । |
| ❖ पोखरिया अस्पतालको OPD टिकेट निशुल्क गरिनेछ । |
| ❖ एकल महिला, बृद्ध, ज्येष्ट नागरिक, दीर्घ रोगी, असहाय, गरिब, गर्भवती महिला र अपाङ्गलाई नि:शुल्क रगत तथा एम्बुलेन्स सेवा प्रदान गरिनेछ । |

## शिक्षा तर्फ

| |
|---|
| ❖ विगतमा झै देखा पर्ने माहामारीको जोखिमलाई मध्यनगर गर्दै बिद्यालय बन्द हुने अवस्था देखा परेमा वैकल्पिक शिक्षण सिकाई सहजीहरण कार्यलाई नगरक्षेत्रमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । |
| ❖ सरुवा रोग तथा भाईरस सम्बन्धि विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रमहरु संचालनमा ल्याईनेछ । |
| ❖ आवश्यक शिक्षक दरबन्दी मिलानको प्रकृयालाई अगाडि बढाईनेछ । |
| ❖ तल्लो तहमा कार्यरत माथिल्लो तहको शैक्षिक योग्यता भएका शिक्षकहरुलाई माथिल्लो तहको बिद्यालयमा सरुवा गर्ने व्यवस्था मिलाई पठनपाठनलाई व्यवस्थित बनाईनेछ । |
| ❖ बिद्यालयमा अध्ययनरत छात्राहरुका लागि प्रभावकारी रुपमा निशुल्क स्यानिटरी प्याड वितरण गरिनेछ । |
| ❖ स्थानिय पाठ्यक्रम तयार गरी आगामी शैक्षिक वर्ष २०८० देखि लागु गरिनेछ । |
| ❖ नगरपालिका भित्रका सामुदायिक बिद्यालयमा संचालित प्राविधिक धारको कक्षामा अध्ययन गर्ने विद्यार्थीहरु मध्ये अपाङ्गता, दलित र आदिवासी/जनजाती, अति विपन्न तथा जेहेन्दार जम्मा तिन जना बिद्यार्थी छनौट गरि छात्रबृत्ति उपलब्ध गराईनेछ । |

| |
|---|
| ❖ विद्यार्थी संख्या, शैक्षिक गुणस्तर, कार्य सम्पादन मूल्याङ्कनको आधारमा विद्यालय र शिक्षकलाई प्रोत्साहित गर्ने नीतिको अवलम्बन गरिनेछ । |
| ❖ नेपाल सरकारको आर्थिक सहयोगमा विद्यालयबाट उपलब्ध गराईने दिवा खाजा लक्षित बर्गका विद्यार्थीहरुलाई स्थानीय स्तरमा उपलब्ध हुने खाद्यबस्तुमा आधारित रहि दिवा खाजाको कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । |
| ❖ विद्यार्थीहरुमा प्रतिस्पर्धाको भावना जगाउन विभिन्न शैक्षिक तथा अन्य कार्यक्रमहरुको तालिका बनाई पर्सा जिल्ला भरिका विद्यालयहरुलाई समेटेर तिन दिने शैक्षिक मेला संचालनमा ल्याईनेछ । |
| ❖ नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम संचालनमा ल्याईनेछ । |
| ❖ विद्यालय क्षेत्र विकास कार्यक्रम मार्फत विद्यालय शिक्षालाई समतामूलक र गुणस्तरीय बनाँउदै विद्यालयहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । |
| ❖ प्राविधिक र प्रविधिमैत्री शिक्षण सिकाई कार्यक्रम अगाडी बढाइनेछ । यस आ.व.को नयाँ शैक्षिक सत्र देखि **CTEVT** सँग समन्वय गरी पर्सा जिल्लाको लागि एउटा बहुप्राविधिक प्राविधिक शिक्षालय स्थापना गरी कुनै एउटा विषयको शिक्षण सिकाई शुरु गरिनेछ । |
| ❖ विभिन्न विद्यालयहरुको पूर्वाधार सुधारका लागि मर्मत सम्भारका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु : विभिन्न विद्यालयहरुलाई फर्निचर उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु । |
| ❖ माध्यमिक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था कार्यान्वयनमा ल्याउन प्रयत्न गरिनेछ । |
| ❖ प्राथमिक विद्यालयमा बच्चाहरु नियमित रुपमा उपस्थित गराई राख्नको लागि दिवा खाजा कार्यक्रमलाई प्रभावकारी गरिनेछ । |
| ❖ छात्राहरुको अनुपस्थित दर घटाउन स्वच्छ वातावरण प्रवर्द्धन गर्न महिला र अपाङ्गमैत्री शौचालय निर्माणमा जोड दिइनेछ । |
| ❖ नगरपालिकाको प्रत्येक विद्यालयमा पोसाक अनिवार्य गरिनेछ । |
| ❖ नगर शिक्षा विकासको लागि सामुदायिक र संस्थागत विद्यालयका बिचमा शिक्षामा गुणस्तरियत्ता र पहुचमा समानता स्थापित गरि बिभेदपुर्ण शिक्षा प्रणाली अन्त्य गर्न क्रमागत रुपमा सबै सामुदायिक बिद्यालयहरुमा अग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाईनेछ । |
| ❖ प्रत्येक बर्ष दुई वटाका दरले नगरभित्र पांच बर्षमा दश वटा नमुना विद्यालय संचालन गरिनेछ । |



CS CamScanner

| |
|---|
| ❖ विद्यालय व्यवस्थापन समितिको नेतृत्व र गठन अभिभावकहरु मध्येबाट गरिनेछ । |
| ❖ तत्काल नगर शिक्षा समिति गठन गरिनेछ |
| ❖ संघिय शिक्षा ऐन अनुसार नगर शिक्षा ऐन लागू गर्न नगर शिक्षा ऐनलाई नगर परिषदबाट परिमार्जन गरिनेछ । |
| ❖ शैक्षिकसत्र सुरु भएको एक महिना भित्र बिद्यालय व्यवस्थापन समिति गठन गर्न र सो नभएमा नगर शिक्षा समितिको निर्णयमा शिक्षा कार्यविधि बनाई विद्यालय व्यवस्थापन समिति गठन गरिनेछ । |
| ❖ नगर भित्रका जुन सुकै बिद्यालयमा कुनै पनि किसिमको शिक्षक, कर्मचारीको पद रिक्त भएमा एक महिना भित्र पदपूर्ति हुने गरि नगर शिक्षा समितिबाट शिक्षक कर्मचारी पदपूर्ति कार्यविधि बनाई लागु गरिनेछ । |
| ❖ शिक्षा सम्बन्धि हरेक बर्षको बजेटमा शैक्षिकसत्र आएको तिन महिना भित्र यर्थाथ विवरणको आधारमा र कर्म खर्चको व्यवस्था मिलाईनेछ । |
| ❖ शैक्षिकसत्र सुरु भएको दुई महिना भित्र **(SIP)** विद्यालय सुधार योजना **EMIS DATA** अध्यावधि गरिनेछ |
| ❖ विद्यायललाई नियमित संचालनको लागि प्र.अ., शिक्षक, विद्यायल व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसंग अन्तरक्रियाको व्यवस्था गरिनेछ । |
| ❖ विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेको अवस्थामा विद्यालयको अनुदान रकम रोक्का राख्न सकिनेछ । |
| ❖ आ.व. समाप्त भएको एक महिना भित्र लेखा परीक्षण सम्पन्न गर्नुपर्ने र उक्त लेखा परिक्षण पूर्व विद्यालयले समाजिक लेखा परीक्षण अनिवार्य गराउने निती लागु गरिनेछ । |
| ❖ विद्यालयमा विधार्थी नभएको तथा शिक्षक अनुपात बढी भएको विद्यालयहरुलाई एक आपसमा गाभ्न सकिने छ । |
| ❖ नगरपालिका भित्र रहेका निजी श्रोत, शिक्षक र कर्मचारीहरुलाई आवश्यकता र औचित्यको आधारमा सेवा र सुविधा प्रदान गरिनेछ । |
| ❖ नगर शिक्षा समितिले विद्यालय अनुगमन तथा निरीक्षणको लागि नगर शिक्षा अनुगमन तथा निरक्षण समिति बनाई लागु गरिनेछ । |

| |
|---|
| ❖ नगर शिक्षा समितिबाट विद्यालय सुधार योजना समिति गठन गरि कार्यान्वयन गरिनेछ । |
| ❖ सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा ० देखि १२ सम्मको विद्यार्थीहरुलाई निशुल्क शिक्षा प्रदान गरिनेछ , |
| ❖ पोखरिया नगरपालिका भित्र रहेका माध्यमिक बिद्यालयहरुमा थप प्राविधिक धार तर्फ व्यवसायिक र नर्सिङ्ग शिक्षा संचालन एवम ११ र १२ मा कानुन संकाय र स्नातक स्तरका कक्षा संचालन तथा श्रोत परिचालन गरिनेछ । |
| ❖ लोक सेवा, शिक्षक सेवा, प्रहरी सेवा र बैकिङ्ग सेवा तयारी कक्षा निशुल्क संचालन गरिनेछ। |
| ❖ आवश्यकता र औचित्यको आधारमा कन्या मा.वि.को स्थापना र संचालन गरिनेछ । |
| ❖ पोखरिया नगरभित्र रहेका सामुदायिक विद्यालयका छात्रालाई निशुल्क व्याग वितरण गरिनेछ । |

**कृषि तथा पशु सेवा तर्फ**

| |
|---|
| ❖ नगरक्षेत्रमा रहेका अगुवा कृषकहरुको लागत तयार गरि निजहरुलाई कृषि अभियन्ताको रुपमा परिचालन गरिनेछ साथै अध्ययन भ्रमण गराईनेछ । |
| ❖ कृषि पेशामा संलग्न व्यक्तिहरुको समूह बनाई समूहमा आवद्ध कृषकहरुलाई नगरपालिकाबाट खटाईने प्राविधिक कर्मचारीहरु र नगर स्थित अगुवा कृषकहरुबाट घुम्ती तालिम संचालन गर्ने व्यवस्था मिलाईनेछ । |
| ❖ रसायनिक मल र विषादी प्रयोगलाई निरुत्साहित गरि प्राङ्गारिक मल र जैविक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिनेछ । |
| ❖ अर्गानिक मल (स्वायल कन्डिसनर) लाई प्रयोगमा ल्याईनेछ । |
| ❖ कृषकहरुबाट उत्पादित हरियो तरकारीको बजारीकरणका लागि तोकिएको समर्थन मुल्यमा उत्पादन स्थलबाटै खरिद गरि सदरमुकाम बजार लगायत नगरका मुख्य मुख्य बजारहरुमा काउन्टर खोली बिक्रि गर्न सहकारी संस्थाको छनौट गरिनेछ । छनौटमा परेका सहकारी संस्थालाई व्यवस्थापन अनुदानको रुपमा निश्चित रकम उपलब्ध गराउने व्यवस्था गरिनेछ । |
| ❖ अन्नबाली तथा फलफूल उत्पादनको हुने सम्भावित क्षेत्रहरुको पहिचान गरि उन्नत बीउ, बेर्ना, प्रविधि र मलको प्रयोगबाट "एक गाउँ एक कृषि उत्पादन" को निति कार्यान्वयन गरिनेछ । |
| ❖ बैदेशिक रोजगारीको अवसर टुट्न गई घर फर्किएका र अन्य बेरोजगार युवाहरुलाई करार खेती, चक्लाबन्दी र सामुदायिक खेती तथा युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रममा |



CamScanner

| |
|---|
| आवद्ध गराउन युवा स्वरोजगार घुम्ती कोषको स्थापना गरि संचालनमा ल्याईनेछ । |
| ❖ खर्बुजा, मेवा, भुईकटहर, कागती, जुनार, लिचि, आँप र केरा जस्ता फलफुल, बेसार, खुसार्नी, अदुवा जस्ता मसलाजन्य र हरियो तरकारी लगायतका नगदेवाली, तरकारी तथा फलफूल उत्पादन गर्न उन्नत विउ वेर्ना तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ । |
| ❖ माटो परिक्षणको दायरा विस्तार गर्नका साथै बाँझो जग्गा र नदी उकासबाट आएको जग्गा आवाद गर्न प्रोत्साहित गरि वगर खेती प्रणालीको सुरुवात गरिनेछ । |
| ❖ व्यवसायिक रुपमा गरिने बेमौसमी तरकारी खेतीका लागि सिंचाई सुविधा पुर्याउन संभाव्यता र उपयुक्तताको आधारमा अनुदान उपलब्ध गराईनेछ । |
| ❖ कृषि पेशामा संलग्न वास्तविक कृषकहरुको विवरण संकलन तथा कृषक वर्गीकरणको आधार तयार गरि कृषक परिचयपत्र वितरण कार्यलाई अगाडि बढाईनेछ । |
| ❖ समग्र कृषि तथा तरकारी खेती, मसला खेतीको विकासको लागि पकेट क्षेत्र पहिचान गरी विकासको लागि विविध विउ वितरण, जैविक मल वितरण, चुन तथा स्प्रेयर टंकी निशुल्क तथा अनुदानमा वितरण गरिनेछ । |
| ❖ यस नगर क्षेत्रका कृषकहरुलाई आवश्यक पर्ने मल खाद्य विउ विजन सहज रुपमा उपलब्ध गराउन पोखरिया स्थित साविकका साझा संस्था मार्फत एकद्वार प्रणाली लागु गरि सर्व सुलभ रुपमा मल खाद्य विउ विजन तथा कृषी जन्य सामाग्री उपलब्ध गराईनेछ । |
| ❖ सिचाईको लागि उपयोग हुने विभिन्न नहर र कुलोको नियमित सरसफाई र मर्मत गरिनेछ । बाँध, पैनीको मर्मत संभार गरिनेछ । |
| ❖ पशु बिमाको दायरा विस्तार गर्न सम्बन्धित कृषकहरुलाई अभिमुखीकरण गरिने र सम्भावित पशु रोगको रोकथाम तथा उपचार सेवालाई प्रभावकारी बनाईनेछ । |
| ❖ स्थानीय पशुपंक्षी संरक्षण, प्रर्वद्धन र नश्ल सुधार कार्यक्रमलाई विस्तार गरि व्यवसायिक पशुपालनका लागि पशुपंक्षी पकेट क्षेत्र निर्धारण गरिनेछ । |
| ❖ गाईवस्तु, छाडा कुकुर तथा पशुमा लाग्ने महामारी रोगका कारण हुने क्षति र कृषकहरुको लगानीमा हुने जोखिमलाई ध्यान दिदैं यसको क्षति न्युनीकरण गर्न नाम्ले तथा जुकाको औषधी र महामारी बिरुद्धका भ्याक्सीन अभियानका रुपमा संचालन गरिनेछ । |
| ❖ मत्स्य पालनलाई प्रोत्साहन दिनुका साथै आयातित माछालाई निरुत्साहित गर्ने । |
| ❖ पशु बजार संचालनमा ल्याईनेछ । |
| ❖ व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुको छनौट का लागि रुजु सुचि ( **Check List** ) को आधारमा पहिचान गरि उत्पादन नतिजा बमोजिम सहयोग गर्ने व्यवस्था गरिनेछ । |
| ❖ घाँसबाली लगाउने कार्यलाई प्रोत्साहित गरिनेछ र उन्नतजातका पशुपालनलाई प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाईनेछ । |
| ❖ नगरस्थित मासु पसलहरुलाई व्यवस्थापन गर्नुका साथै अनुगमन कार्यतालिका बनाई |



CamScanner

| |
|---|
| नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ। |
| ❖ मिल्कवार तथा डेरी संचालन गर्न प्रोत्साहित गरिनेछ । |
| ❖ नगरको उत्कृष्ट कृषकलाई सम्मान गरिनेछ। |
| ❖ निशुल्क माटो परीक्षण गरिनेछ। |
| ❖ पोखरिया कृषि महोत्व संचालन गरिनेछ। |
| ❖ प्रदेश र संघीय सरकार तथा नगरपालिका एवम निजीको साझेदारीमा एग्रो हबको निर्माण ३ बर्ष भित्र गरि संचालन गरिनेछ। |
| ❖ घुम्ती पशु तथा कृषी प्राविधिक टोली संचालन गरिनेछ। |
| ❖ पोखरिया नगरपालिका भित्र रहेका कृषकहरुलाई २० देखी ५० प्रतिशतको अनुदानमा उनत विउ, किटनाशक औषधि र स्प्रे मेसिन वितरण गरिनेछ। |
| ❖ भकारी सुधार कार्यक्रम संचालन गरिनेछ। |
| ❖ कृषक समुह सहकारी गठन गरि दुग्ध उत्पादन र विक्री वितरण तथा बजारीकरणको व्यवस्था गरिनेछ। |

## महिला शशक्तिकरण, वालवालिका तथा ज्येष्ठ नागरिक

| |
|---|
| ❖ बालबालिका तथा किशोर किशोरीहरुलाई लक्षित अतिरिक्त क्रियाकलापहरु संचालनको माध्यमबाट बौद्धिक विकासमा जोड दिईनेछ। |
| ❖ महिला, बालबालिका, किशोरकिशोरीहरु, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुमा हुने हिंसा अन्त्यका लागि निरोधात्मक तथा उपचारात्मक क्रियाकलापहरु संचालनमा ल्याईनेछ। |
| ❖ नगर क्षेत्रभित्रका असहाय, अनाथ, सुस्त मनस्थिति तथा संरक्षक बिहीन बालबालिकाहरुको पहिचान गरि उनीहरुको संरक्षणका लागि कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनेछ। |
| ❖ लैङ्गिकमैत्री सूचक तयारी तथा कार्यान्वयनको माध्यमबाट नगरलाई लैङ्गिकमैत्री बनाउन पहल गरिनेछ। |
| ❖ सरोकारवालाहरुसंगको सहकार्यमा बालविवाह, मानव बेचविखन तथा ओसारपसार लैङ्गिक हिंसा, यौन हिंसा नियन्त्रण सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। |
| ❖ लैङ्गिक हिंसा न्युनीकरण अभियानमा मनोसामाजिक कार्यकर्ताहरु मार्फत लैङ्गिक हिंसा न्युनीकरण गर्नमा जोड दिईनेछ। |
| ❖ बालमैत्री स्थानीय शासनको नितीलाई कार्यान्वयन गरिनेछ। |
| ❖ महिलाहरुको आर्थिक रुपान्तरणका लागि महिला सहकारीहरु मार्फत साझा व्यवसाय संचालनको लागि प्रोत्साहित गरि उद्यमशिलता विकासमा जोड दिईनेछ। |
| ❖ अपाङ्गता भएका व्यक्तिहरुको प्रकृति र रुचि अनुसारका सीपमुलक र व्यवसायिक तालिम प्रदान गरि रोजगारीका अवसरमा पहुँच विस्तार तथा स्वरोजगारको अवसर सिर्जना गर्न घुम्तीकोषको व्यवस्था गरिनेछ। |

| |
|---|
| ❖ कोरोना भाईरस तथा अन्य महामारीको कारण बैदेशिक रोजगारीबाट आफ्नो घर फर्किएका विपन्न तथा जोखिमयुक्त महिलाहरुलाई लक्षित गरि विभिन्न सिपमूलक तालिमको व्यवस्था गरिनेछ । |
| ❖ "विपदको वेला जहिले, जोखिममा रहेका समुह पहिले" भन्ने नारालाई आत्मसात गरि विपद्को जोखिमबाट बढी प्रभावित हुने गर्भवती, सुत्केरी महिलालाई आवश्यक्तामा आधारित स्वास्थ्य तथा पोषण सामग्री सहयोग कार्यक्रमलाई जोड दिईनेछ । |
| ❖ ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिमा देखिने अल्जाईमर, स्पाईनलकर्ड इन्जरी, अटिजम, पार्किन्सन जस्ता रोगहरुको बारेमा सचेतना जगाउने कार्यक्रम संचालन गरिनेछ । |
| ❖ भुमिहीन, एकल महिला, गरिब, बृद्ध, ज्येष्ट महिलालाई निशुल्क कानुनी सेवा उपलब्ध गराईनेछ । |
| ❖ घरेलु हिंसा, दाइजो प्रथा , लागु औषध, गरिबीका कारणले आत्महत्या गरिरहेका नगरबासीमा आत्महत्या न्यूनीकरणको लागि विशेष कार्यक्रम संचालन गरिनेछ । |
| ❖ सबै बालबालिका पूर्ण समय औपचारिक दिवा विद्यालयमा हुनु पर्दछ भन्ने कार्यक्रम संचालनमा ल्याईनेछ । |

## युवा तथा खेलकुद तर्फ

| |
|---|
| ❖ युवामा नैतिकता र चारित्रिक गुण तथा अनुशासनको विकास गरि परिवार, समाज र राज्यप्रतिको दायित्व बोध गराउने एवम् श्रमको सम्मान गर्ने संस्कारको विकासका लागि आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ । |
| ❖ नगरस्तरिय खेलकुद विकास समितिको गठन गरि विभिन्न नगरस्तरीय खेलको आयोजना गरिनेछ । |
| ❖ खेलकुद विकासका लागि विद्यालय तह देखि नै योजनावद्ध कार्यक्रम संचालनको माध्यमबाट विभिन्न विद्यालयका नगरस्तरीय खेलाडीहरुको टोली बनाउन पहल गरिनेछ । |
| ❖ वडा नं. ६ मा रहेको स्थानिय ( शेरा फिल्ड ) खेलकुद मैदानको बिस्तृत आयोजना प्रतिवेदन (DPR) बमोजिमको पूर्वाधार निर्माण गर्न संघीय तथा प्रदेश सरकारसंग अनुदान मांग गरिनेछ । |

## वातावरण तथा विपद व्यवस्थापन

| |
|---|
| ❖ नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न फोहौरमेला उचित रुपमा व्यवस्थापन, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलको कार्यकमहरु संचालन गरिनेछ |



CamScanner

| |
|---|
| ❖ सडक किनार, ऐलानी, पर्ती, सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गरिनेछ । |
| ❖ नागरिकहरुलाई आईपर्ने विविध किसिमका बिपद्‌बाट बचाउनका लागि आवश्यक कार्यहरु गरिनेछ |
| ❖ जाडोबाट विपन्न नागरिकहरुलाई बचाउनको लागि कम्बल वितरण गरिनेछ । साथै चौक, सार्वजनिक स्थलमा दाउरा बाली नागरिकलाई तातो पार्ने कार्यक्रम संचालन गरिनेछ । |
| ❖ बारुण यन्त्र व्यवस्थित रुपमा संचालन गरिनेछ । बारुण यन्त्र सेवा अन्य छिमेकी गाउँपालिका नगरपालिका समेतलाई उपलब्ध गराउनु पर्ने तर दायित्व यस नगरपालिकालाई मात्र पर्ने भएकोले छिमेकी स्थानिय तह सँग समन्वय गरि वारुण यन्त्र संचालन कोष स्थापना गरिनेछ । वारुण यन्त्र सेवाको लागि आवश्यक रकम विनियोजन गरिएको छ । विपद तथा दैवि प्रकोपबाट हुने समस्याका लागि एक कोषको स्थापना गरिनेछ । |
| ❖ नगरस्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशिल गराईनेछ । |
| ❖ नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणीय र प्राकृतिक स्रोतहरुमा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्ने नितीलाई कार्यान्वयनमा ल्याईनेछ । |
| ❖ नगर विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरि लागू गरिने छ । |
| ❖ जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन सम्बन्धि सचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ । |
| ❖ विपद् न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्धारको लागि नगरपालिकामा उपलब्ध जनशक्ति, सामग्री र विपद् व्यवस्थापन कोषको परिचालन माध्यमबाट तत्काल उद्धार गर्ने व्यवस्था गरिनेछ । |

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

| |
|---|
| ❖ नगरपालिका तथा वडा कार्यालयले प्रदान गर्ने सेवा चुस्त, दुरुस्त र सहज तुल्याइनेछ । लापरवाही तथा भ्रष्टाचार जन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । |
| ❖ जनशक्ति विकास, संगठनात्मक संरचना, सुचना मैत्री कार्य सम्पादन र सेवा प्रवाहलाई विशेष प्राथमिकता दिइनेछ । |
| ❖ प्रत्येक वडामा कमागत रुपले महिनामा एक पटक जन गुनासोको सुनुवाई र कारवाहीको लागि जनता दरबार संचालन गरिनेछ । |
| ❖ नगरपालिका भित्रका सम्पूर्ण स्थानीय सरकारको स्वामित्वमा रहेको संस्थामा डिजिटल हाजिरी लागु गरि त्यस्को दैनिक परीक्षण गर्ने व्यवस्था मिलाईनेछ । |
| ❖ नगर उन्मुख पर्साको मध्य भागमा अवस्थित यस पोखरिया नगरपालिका भित्र संघिय सरकार संग समन्वय गरि यथाशीघ्र ईलाका प्रशासन कार्यालय, भुमि सुधार तथा मालपोत |



CamScanner

| |
|---|
| कार्यालय तथा नापी कार्यालय स्थापना गराई संचालनमा ल्याईनेछ । |
| ❖ नगरपालिकाका कर्मचारीहरुको संस्थागत विकास तथा गतिशीलता , नियमितताको लागि छुट्टै आवास तथा यतायातको व्यवस्था मिलाईनेछ । |
| ❖ नगरको समृद्धि र विकासको लागि परामर्श र मार्ग निर्देशन आदान प्रदान गर्ने सल्लाहकार समितिहरु गठन गरिनेछ । |

## पुर्वाधार विकास :

| |
|---|
| ❖ नगरपालिकाको प्रशासकीय भवनको निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन (**DPR**) तयार गरि सो बमोजिम भवन निर्माणको लागि संघ र प्रदेश सरकार समक्ष अनुदान माँग गरिनेछ । |
| ❖ नगर गौरवका आयोजनाहरु कार्यान्वयन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुदान मांग गरिनेछ । |
| ❖ कार्यालय भवन नभएका वडा कार्यालयहरुको भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा प्राप्ती गरि वडा कार्यालय भवन निर्माण गर्ने व्यवस्था गरिनेछ । |
| ❖ खोप केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र संचालनका लागि भवन नभएका स्थानहरुमा भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्त गरि भवन निर्माण गर्ने व्यवस्था गरिनेछ । |
| ❖ विकासको मेरुदण्ड सडक भएको तथा शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भूमिका भएकोले पक्की सडक विकास तथा ढल निकासको लागि योजनाबद्ध प्रयासहरु गरिनेछ । |
| ❖ पोखरिया नगर विकास समितिको जग्गा विकास कार्यक्रमलाई नेपाल सरकारले बनाएको बस्ती विकास तथा भवन निमार्णको आधारभूत मापदण्डको प्रभावकारी कार्यान्वयन गरी सुन्दर, हराभरा र व्यवस्थित नगरको विकास गरिने छ |
| ❖ पोखरिया बजारमा रहेको ऐतिहासिक शिवमन्दिरको जग्गामा पार्क सहित आधुनिक भवन र मन्दिरको निर्माण कार्य शुरु भएको छ तथा उक्त निर्माण कार्यलाई अगामी आर्थिक वर्षमा नै सम्पन्न गरिने छ । |
| ❖ बसपार्क निर्माणको लागि जग्गाको पहिचान गर्दै विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्य अगाडि बढाइने छ । |
| ❖ सडक बत्ती व्यवस्थापन तथा सुधारका लागि आवश्यक कार्यहरु अगाडि बढाइनेछ । क्रमश सडक बत्तीलाई सौर्य उर्जामा आधारित बनाउदै लगिनेछ । |
| ❖ नगर सभागृह निर्माण तथा ऐलानी जग्गाको पहिचान गरी विभिन्न सार्वजनिक महत्वका निर्माण कार्य गरिनेछ । |
| ❖ नगर सडक संजाल निर्माण गरि नगर सेवा केन्द्र र वडा सेवा केन्द्रसंग जोडिनेछ । |



CamScanner

❖ पोखरिया नगर विकास प्राधिकरण गठन तथा संचालनको लागि आवश्यक ऐन, कानुन निर्माण गरिनेछ ।

## भवन तथा शहरी विकास :

❖ नगरको मुख्य बजार लगायतका अन्य संम्भावित बजार क्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई मापदण्ड अनुरुप निर्माण गर्ने गरि मात्र अनुमति दिईनेछ ।

❖ भवन निर्माण कार्यमा संलग्न कालिगढहरुलाई तालिमको व्यवस्था मिलाईनेछ ।

❖ नगरपालिका तथा अन्य निकायहरुको समन्वयमा संचालनमा रहेको विपन्नलाई टिनको छाना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

❖ यस नगरको बस्ती विकासलाई व्यवस्थित गर्न सरोकारबालाहरुसंगको समन्वय र सहकार्यमा विस्तृत आयोजना प्रतिवेदन तयार गरि कार्यान्वयन गरिनेछ ।

## सडक तथा पुल

❖ नगरपालिकामा निर्माण भईसकेका सडकहरुको विवरण अद्यावधिक गरि आवश्यक स्थानहरुमा मर्मत सम्भारको कार्य सडकबोर्ड नेपालबाट प्राप्त हुने अनुदान र नगरपालिका अन्तर्गतको मर्मत संम्भार विशेष कोषबाट गर्ने व्यवस्था मिलाईनेछ ।

❖ नगरपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरुको केन्द्र र नगरका मुख्य व्यपारिक केन्द्रसम्म जोड्ने सडकलाई बाह्रै महिना संचालनमा आउने गरि स्तरोन्नती गर्न प्राथमिकता दिईनेछ ।

❖ नगरक्षेत्रभित्र निर्माण संचालनमा आएका पुलहरुको संरक्षणको व्यवस्था मिलाईनेछ, साथै आवश्यक्ता अनुसार नया पुलहरु निर्माणका लागि संघिय र प्रदेश सरकारसंग माँग गरिनेछ ।

❖ यस अघि कार्य आरम्भ भई हालसम्म कार्य सम्पन्न नभएका सडकहरुको क्रमागत रुपमा सम्पन्न गर्ने, पुराना सडकहरुको स्तरोन्नती गर्ने नितीलाई कार्यान्वयन गरिनेछ ।

❖ नगरपालिका क्षेत्रमा थप सडक निर्माण गर्नुपर्दा सडक गुरु योजना तथा विस्तृत आयोजना प्रतिवेदन (DPR) लाई मुख्य आधार बनाईने छ ।

## संचार तथा सूचना प्रविधि

❖ नगरपालिकासंग सम्बन्धित सूचनामा नागरिकको पहुँचका लागि नगरसंग सम्बन्धित सूचनाको नगरपालिकाको वेवसाईट तथा पत्रकार भेटघाट कार्यक्रम तथा सूचना अधिकारीको माध्यमबाट मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

❖ नगरबासी सरोकारवालाहरुको अध्ययन तथा अध्यापन सहजताका लागि नगरपालिकामा



CamScanner

| |
|---|
| संचालनमा रहेको पुस्तकालयलाई सुदृढीकरण गरिनेछ र साथै सबै वडा कार्यालयहरुमा पनि क्रमश: पुस्ताकालय स्थापना गर्दै लगिने छ । |
| ❖ ल्याण्ड लाईन टेलिफोन सुविधा पुग्न बाँकी वडाका केन्द्रसम्म ल्याण्ड लाइन टेलिफोन सेवा विस्तार गर्न पहल गरिनेछ । |
| ❖ सूचना प्रविधिको विस्तारका लागि सबै वडामा ईन्टरनेट सेवा विस्तार गर्न आवश्यक व्यवस्था गरिनेछ । |
| ❖ कार्यालयको दैनिक प्रशासनिक कार्य र सेवा प्रवाहलाई पेपरलेस (E-Governance) अवधारणा अनुरुप कार्यान्वयन गरिनेछ । |
| ❖ स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियो संचालनलाई प्रोत्साहन गरिनेछ । |
| ❖ राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभागको सहयोगमा नगर क्षेत्रको समाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गरिनेछ । |

## वन तथा भु-सरक्षण

| |
|---|
| ❖ नगरपालिका क्षेत्र भित्रका सडकहरुको आसपासमा फलफूल तथा डाले घाँसहरुको विरुवा लगाई सडकको सौन्दर्य वढाउनुका साथै वन तथा वातावरण संरक्षणमा जोड दिईनेछ । |
| ❖ सार्वजनिक स्थल, पार्क तथा वनस्पति उद्यान निर्माणका लागि आवश्यक जग्गाको व्यवस्थापन गरिनेछ । |
| ❖ वातारवरणसंग सम्बन्धित विषयमा विद्यायलस्तरमा सचेतना मूलक कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ । |
| ❖ सरोकारवालाहरु संगको समन्वय र साझेदारीमा खाली जग्गामा वृक्षारोपण अभियान संचालन गरिनेछ । |
| ❖ एक वडामा एक पार्क निर्माण गर्ने अभियानलाई क्रमश: कार्यान्वयनमा ल्याईनेछ । |
| ❖ जैविक मल निर्माण तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ । |
| ❖ वडा स्तरमा रहेका प्राकृतिक पोखरीहरुको संरक्षण र सम्वर्द्धन कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ । |

## फोहोर व्यवस्थापन

| |
|---|
| ❖ पोखरिया नगरपालिका तथा छिमेकी पालिकाहरुसंग समन्वय तथा साझेदारीमा ल्याण्ड फिल्ड साईटको निर्माण गरि फोहोर व्यवस्थापन को समस्यालाई दीर्घकालीन रुपमा समाधान गरिनेछ । |
| ❖ प्रदूषकले कर तिर्न पर्दछ भन्ने सिद्धान्त बमोजिम संयन्त्र तयार गरि कार्यान्वयन गरिनेछ । |
| ❖ सार्वजनिक स्थानहरुमा शौचालय निर्माण गर्ने कार्य अगाडी बढाईनेछ । |
| ❖ प्राङ्गारिक मल उत्पादनका माध्यबाट नगरपालिकामा उब्जिएका फोहोरलाई मोहोरमा |

| |
|---|
| रुपान्तरण गर्ने कार्यक्रम अन्तर्गत "आफ्नो ठाउँ आफै सफा गरौं" अभियानलाई प्रभावकारी रुपमा कार्यान्वियन गरिनेछ । |
| ❖ बजारक्षेत्रका घर निर्माण कर्ताबाट सिर्जित फोहोर व्यवस्थापन गर्ने दायित्व निर्माण कर्ताकै हुने नितीलाई कडाईका साथ कार्यान्यवन गरिनेछ । |
| ❖ नगरक्षेत्रमा प्लाष्टिक तथा सिसाजन्य बस्तुहरुको संकलनको व्यवस्थापन गरि जथाभावी प्लाष्टिक तथा सिसाजन्य बस्तुहरु फाल्ने प्रवृत्तिलाई रोक लगाईनेछ । |
| ❖ सार्वजनिक निजी साझेदारीको निति अवलम्बन गरि फोहोरमैला व्यवस्थापन गर्न पहल गरिनेछ । |
| ❖ पसल, बजार तथा घरहरुबाट निस्कने फोहौरलाई उत्पतिकै स्थलबाट सडने र नसडने गरी छुट्टाछुट्टै राख्ने, संकलन गर्ने तथा सडने फोहौरलाई कुहाई जैविक मल बनाउने तर्फ विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ, सडने वा नसडने फोहोर संकलनको लागि डष्टविन वितरण गरिनेछ । |

**मानव संशाधन विकास तथा संस्थागत क्षमता विकास :**

| |
|---|
| ❖ नेपाल सरकार तथा विभिन्न दातृ निकायको सहयोगमा संचालन भएका गरिवी निवारणसंग सम्बन्धित कार्यक्रमलाई पुन संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ । |
| ❖ कार्यालयको प्रवेशद्धारमा कार्यालय अन्तर्गतका शाखा, उपशाखाहरुको पहिचान र सम्बन्धित शाखा र उपशाखाबाट उपलब्ध हुने सेवा सुविधाहरुको बारेमा सेवाग्राहीलाई पूर्व जानकारी दिने सूचना बोर्ड राखिनेछ । |
| ❖ नगरकार्यपालिका र मातहतका वडा कार्यालयहरुबाट उपलब्ध हुने वस्तु तथा सेवाहरुको प्राप्त गर्न पुरा गर्नु पर्ने प्रक्रिया, सेवा लिन लाग्ने समय, लाग्ने दस्तुर र सेवा प्रवाह गर्न जिम्मेवारी तोकिएको सेवा प्रदायकको विवरण सहितको नागरिक बडापत्रलाई अधावधिक गरि कार्यालयमा सबैले देख्न सक्ने गरि राख्ने र कार्यालयको वेबसाईटमा समेत राख्ने व्यवस्था गरिनेछ । |
| ❖ सुशासन, पारदर्शिता र जवाफदेहीताको प्रत्याभूति दिनका लागि संचालन गरिने सार्वजनिक सुनुवाई, समाजिक परीक्षण, आवधिक समीक्षा तथा अनुगमन कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ । |
| ❖ आन्तरिक लेखापरीक्षण तथा बार्षिक लेखापरीक्षणबाट औल्याईएका बेरुजुलाई यथा समयमा फर्छयौट गर्ने र प्राप्त सुझाव तथा प्रतिक्रियालाई कार्यान्वयनमा ल्याईनेछ । |
| ❖ कर्मचारीहरुमा सुशासन तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ । |
| ❖ नगरक्षेत्रमा संचालन गरिने सबै प्रकारका योजना तथा कार्यक्रमहरुको अनुगमन एकीकृत रुपमा गरिनेछ । |
| ❖ संघिय तथा प्रदेश मन्त्रालय अन्तर्गतका कार्यालयहरुबाट यस नगरक्षेत्र भित्र संचालन हुने विकास निर्माण तथा अन्य सेवा प्रवाहका कार्यक्रमहरु कार्यान्वयनको क्रममा |



CamScanner

| |
|---|
| नगरपालिकासंगको समन्वयमा संचालन गर्ने व्यवस्था मिलाईनेछ । |
| ❖ नगरकार्यपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आधारभूत तथा क्षमता अभिबृद्धि सम्वन्धि तालिम संचालन गरि थप जिम्मेवार र जवाफदेही बनाईनेछ । |
| ❖ यस नगरपालिकामा नगर प्रहरी भर्ना गरि नगर स्थित सार्वजनिक स्थलहरुको संरक्षण र स्थानिय न्यायिक समिति, नगर कार्यपालिका तथा नगर सभाबाट भएका निर्णय कार्यान्वयन गराउने कार्य लगायत विपद् प्रतिकार्यको कार्यमा समेत परिचालन गरिनेछ । |
| ❖ यस नगरपालिका कार्यालय भित्रका समुदायिक विद्यालयहरुमा, पोखरिया अस्पताल ( विकास समितिका कर्मचारी) मा कार्यरत कर्मचारी न्यून तलबमानमा काम गरिरहेको अवस्था भएको हुदा समय सापेक्ष तलबमानमा बृद्धि गरिनेछ । |

**राजस्व परिचालन**

| |
|---|
| ❖ करको दायरालाई पुनरावलोकन गरि विस्तार गर्ने र करको दरलाई परिमार्जन गरि लागु गरिनेछ । |
| ❖ नगरपालिकाले संकलन गर्दै आईरहेको कर तथा दस्तुरको सम्बन्धमा करदाताहरुलाई लक्षित गरि करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ । |
| ❖ नगरक्षेत्रभित्र संचालनमा आएका र आउने प्रत्येक बैंक, वितिय संस्था, बिमा कम्पनी लगायतका बिभिन्न निजी क्षेत्रबाट संचालित संस्थाहरुको तथ्याङ्क अध्यावधिक गरि करको दायरामा ल्याईनेछ । |
| ❖ नगरपालिकाको आन्तरिक आयमा सुधार ल्याउन करदाता शिक्षा र कर सप्ताह जस्ता अभियान संचालन गरिनेछ । |
| ❖ असल करदात्तालाई बार्षिक रुपमा सम्मान गर्ने निती अवलम्वन गरिनेछ । |

**वितिय व्यवस्थापन तथा वित्तिय जोखिम न्यूनिकरण**

| |
|---|
| ❖ आय-व्ययको लेखा र खरिद प्रणालीलाई थप प्रभावकारी व्यवस्थित र पारदर्शी बनाईने छ । |
| ❖ विकास आयोजनाहरुको ठेक्कापट्टा समयमै गर्ने तथा विद्युतीय बोलपत्र (E-BIDING) लाई प्राथमिकता दिईनेछ । |
| ❖ एक पटक स्वीकृत भैसकेको बार्षिक कार्यक्रमलाई सोही आ.व.मा संशोधन गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ । |
| ❖ विगतको बेरुजुलाई फर्छयौटको दायरामा ल्याई फर्छयौट गर्न र वेरुजु नियन्त्रण गरि शुन्य बेरुजुको निती कार्यान्वयन गर्न आन्तरिक लेखा परीक्षक तथा आर्थिक कारोबारसंग सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाउनुका साथै शून्य पेश्की एवं शून्य बेरुजु निती अवलम्बन गरिनेछ । |
| ❖ सार्वजनिक खर्चहरुलाई पारदर्शी, जवाफदेही, विश्वसनीय र पूर्व अनुमान योग्य बनाईनेछ । |



CamScanner

| |
|---|
| ❖ वित्तीय अनुशासन कायम गर्न मितव्ययिता र गुणस्तरलाई उच्च प्राथमिकता दिईने छ। |
| ❖ निरन्तर रुपमा वृद्धि हुदै गएको चालु खर्चलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गरिनेछ। |

## श्रम र रोजगार

| |
|---|
| ❖ स्थानीय सरकारले संचालन गर्ने योजना तथा कार्यक्रममा रोजगारी र गरिवी निवारण सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिईनेछ। |
| ❖ सरोकारवालाहरुसंगको साझेदारीमा नगरपालिका क्षेत्रभित्र सम्भावित रोजगारीका क्षेत्रहरु पहिचान गरि अधिक रोजगारी सृजना गर्न पहल गरिनेछ। |
| ❖ आ.व. २०७८/०७९ को फाल्गुन महिनामा नगरक्षेत्रबाट सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताको आधारमा प्रधानमंत्री रोजगार कार्यक्रममा आवद्ध गराई अल्पकालीन रोजगारीको व्यवस्था मिलाईनेछ। |
| ❖ प्रधानमंत्री रोजगार कार्यक्रम संचालनको लागि केन्द्र सरकारबाट ज्यालाको रकम मात्र विनियोजन भएकोले उक्त कार्यक्रमलाई प्रभावकारी बनाउन यस नगरपालिकाबाट सामाग्री खरिदको लागि बजेट व्यवस्थापन गरि संचालन हुने योजनाहरुलाई बार्षिक कार्यक्रममा समावेश गरिनेछ। |
| ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन यस नगरपालिकाको साझेदारीमा कार्यक्रमलाई संचालन गरिनेछ। |
| ❖ दक्ष श्रमिक, कामको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनको नितीलाई कार्यान्वयन गरिनेछ। |
| ❖ स्थानीय श्रोत साधनको अधिकतम उपयोग, दक्ष जनशक्ति निर्माण, तालिम र क्षमता विकास तथा उद्यमशील वातावरण निर्माण गरि रोजगारीको सिर्जना गर्न पहल गरिनेछ । |
| ❖ बेरोजगार युवाहरुलाई लक्षित गरि घरेलु तथा साना र मझौला एवम् उत्पादनमूलक उद्योग स्थापना गरि संचालन गर्न प्रोत्साहित गरिनेछ। |
| ❖ नगर क्षेत्रमा बालश्रम निषेधका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। |

## धर्म संस्कृति तथा पर्यटन

| |
|---|
| ❖ यस नगरपालिकाको उत्तरतर्फ रामभौरी भाट्टा, पर्सा बन्यजन्तु आरक्ष, पश्चिमतर्फ ठोरी जस्ता पर्यटकीय स्थल रहेका छन् जो सँग समन्वय गरी पर्यटकीय स्थल निर्माण तथा विकास गरी नगरबासीको आय आर्जनमा सुधार ल्याउन सकिने सम्भावना रहेकोले मन्दिर तथा सार्वजनिक जग्गामा मधेशी संग्राहलय तथा पिकनिक स्पोटको निर्माण गर्न मास्टर प्लान सहित कार्यक्रम अगाडी बढाइनेछ । साथै विभिन्न स्थानमा रहेको सार्वजनिक |

| |
|---|
| पोखरीहरुको डी पी आर तयार गरी पर्यटन प्रवर्द्धन सम्बन्धि योजना कार्यान्वयन गरिने छ। |
| ❖ पर्यटन प्रवर्द्धनका सम्भावित क्षेत्रहरुको पहिचान गरि आन्तरिक तथा बाह्य पर्यटक लक्षित कार्यक्रमहरुको अवधारणा  कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ। |
| ❖ सबै समुदायको धार्मिक र सांस्कृतिक मूल्य र मान्यताको सम्मान गर्न बातावरण सृजना गरिनेछ । |
| ❖ कला र साहित्यको सृजना तथा प्रवर्द्धन गर्न बिभिन्न कृयाकलापहरु संचालन गर्ने व्यवस्था गरिनेछ । |
| ❖ आन्तरिक तथा बाहिरी पर्यटक आकर्षित गर्न कृत्रिम चिडियाखानाको डि.पि.आर. तयार गरि BOOT प्रणालीमा तिन बर्ष भित्र निर्माण गरि संचालन गरिनेछ। |
| ❖ विभिन्न जातजाती समुदाय, धर्म संस्कृतिका पर्व जस्तै जितिया, तिज, चकचन्ना, दुर्गा पुजा, जाठजाठिन, झर्कि, होली, महायज्ञ, ईद, बक्रिद लगायतका सम्वर्द्धन गरिनेछ। |
| ❖ नगर क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको पहिचान गरि बैज्ञानिक अभिलेखीकरण र संरक्षणको लागि छुटै धर्म संस्कृति संरक्षण एवम् प्रर्वद्धन कोषको स्थापना गरिनेछ । |
| ❖ पोखरिया शिव, हनुमान, रामजानकी, मठमंदिर तथा मस्जिद विकास कार्यविधि तयार गरि व्यवस्थापन समिति गठन गरिनेछ । |
| ❖ बसन्तपुर पर्यटन केन्द्रको लागि पहल गरिनेछ। |

**श्रीमान् नगरसभा अध्यक्षज्यू र सदस्यज्यूहरु**

अब म अगामी आ.व. २०७९/८० को आय अनुमान पेश गर्न चाहन्छु ।

**आय अनुमान तर्फ**

| |
|---|
| ❖ आन्तरिक श्रोत तर्फ आय रु **७,२५,००,००।००** (अक्षरेपी सात करोड पच्चीस लाख रुपैया मात्र) । |
| ❖ नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान अन्तर्गत रु **१२,५०,००,०००।००** ( अक्षरेपी बारह करोड पचास लाख रुपैया मात्र ) |
| ❖ नेपाल सरकारबाट प्राप्त सर्सत अनुदान रु **२०,३२,००,०००।००** ( अक्षरेपी बीस करोड बतिस लाख रुपैया मात्र ) |
| ❖ समपूरक अनुदान (पुँजिगत प्रकृति) रु. **५०,००,०००।००** (अक्षरेपी पचास लाख रुपैया मात्र) |
| ❖ राजस्व बाँडफाँडबाट प्राप्त रु **८,६७,१८,०००।००** (अक्षरेपी आठ करोड सरसठी लाख अठार हजार रुपैया मात्र ) |

**प्रदेश सरकारबाट प्राप्त हुने आय**

| |
|---|
| ❖ वित्तिय समानीकरण अनुदान रु.**८०,४४,०००।००** (अक्षरेपी असी लाख चौवालिस हजार रुपैया मात्र) |
| ❖ सर्शत अनुदान रु. **८०,००,०००।००** (अक्षरेपी असी लाख रुपैया मात्र) |
| ❖ विशेष अनुदान रु.**४०,००,०००।००** (अक्षरेपी चालिस लाख रुपैया मात्र) |
| ❖ समपुरक कोष रु. **२५,००,०००।००** (अक्षरेपी पचीस लाख रुपैया मात्र) |
| ❖ राजस्व वांडफांड प्रदेश रु **४०,५२,०००।००** (अक्षरेपी चालिस लाख बाउन हजार रुपैया मात्र) |

**उल्लेखित शीर्षकहरुबाट प्राप्त हुने कुल आय रकम रु ५१ करोड ९० लाख १४ हजार रुपैया मात्र पेश गरेको छु ।**

त्यस्तै अगामी आ.व. २०७९/८० को व्यय अनुमान पेश गर्न चाहन्छु ।

| |
|---|
| ❖ पूंजिगत खर्चतर्फ रु.२३,१५,४४,०००।०० ( अक्षरेपी तेईस करोड पन्ध्र लाख चौवालिस हजार रुपैया मात्र ) |
| ❖ चालु खर्चतर्फ रु.२८,७४,७०,०००।०० ( अक्षरेपी अठाईस करोड चौहतरी लाख सतरी हजार रुपैया मात्र ) |

****************************************************